वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०७।०५ गतेको दशौ कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न. १. निर्णय कार्यान्वयन अवस्था सम्बन्धमा

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्थाका विषयमा बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

निर्णय न. २. सिटी बसपार्क व्यवस्थापन (ठेक्का अन्त्य गर्ने) सम्बन्धमा

वीरेन्द्रनगर नगरपालिका, सुर्खेत (पहिलो पक्ष) र पि.आर. कन्स्ट्रक्सन प्राईभेट लिमिटेड, चाँगुनारायण-२, भक्तपुर, नेपाल (दोस्रो पक्ष) बीच मितिः २०७७।०५।१७ भएको आय राजस्व ठेक्का सम्झौता अनुसार वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ स्थित सिटी बसपार्क र सोमा निर्मित संरचना प्रयोग गरे/गराए बापत राजस्व उठाई पहिलो पक्षलाई आय ठेक्का बापतको मासिक भाडा / राजस्व रकम र सो सम्झौतामा उल्लेख भए बमोजिमको हर्जना रकम समेत नबुझाई सम्झौता बमोजिमको करारीय दायित्व पुरा नगरी दोश्रो पक्षले एकपक्षीय रुपमा करार उल्लंघन गरेको हुँदा, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, वीरेन्द्रनगर नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२(ङ) (५) मा भएको व्यवस्था अनुसार करारको दोश्रो पक्षसँग सम्झौता अन्त्य गर्नुपूर्व बस व्वस्थापक (दोस्रो पक्ष) लाई करार अन्त्य गर्नुपूर्व तीन महिनाको म्याद र अन्तिम पटक सफाई पेश गर्नका लागि कानूनी सूचना जारी गर्ने यस कार्यपालिकाको मिति २०७९।०३।३१ को बैठकको निर्णय अनुसार मिति २०७९।०४।०५ मा पि.आर. कन्स्ट्रक्सन प्रालि,चाँगुनारायण-२, भक्तपुरलाई कानूनी सूचना पठाईएको तथा मिति २०७९।०४।०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०७९।०४।१३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा समेत सूचना प्रकाशन गरिएको थियो । तर दोस्रो पक्ष पि.आर कन्स्ट्रक्सन प्रा.लि.ले वीरेन्द्रनगर सिटी बसपार्क संचालन सम्वन्धि दुई पक्षीय सम्झौतामा उल्लेख भए अनुसारको तिर्नु बुझाउनु पर्ने रकम र शर्त अनुसारको हर्जना रकम समेत भुक्तानी नगरी उल्टै बसपार्क बेवारिसे छाडी सम्पर्क विहिन भएको तथा वीरेन्द्रनगर नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२ (ङ) (५) बमोजिमको कार्यविधिमा तोकिएको तीन महिनाको म्याद समेत गुज्रेको हुनाले यस सम्बन्धमा देहाय बमोजिम गर्नेः-

क) बसपार्क व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२ (ङ) (५) मा उल्लेख भए अनुसार पि.आर. कन्स्ट्रक्सन प्रा.लि. चाँगुनारायण २, भक्तपुरसँग मिति २०७७।०५।१७ मा भएको

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०७।०५ गतेको दशौ कार्यपालिका बैठकको निर्णयहरु

"वीरेन्द्रनगर सिटी बसपार्क संचालन सम्वन्धी सम्झौता" राजस्व ठेक्का नम्बर ३/२०७६/०७७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम उक्त सम्झौता अन्त्य गर्ने र सोको जानकारी दोश्रो पक्ष पि. आर. कन्स्ट्रक्सन प्रा.लि. चागुनारायण-२, भक्तपुरलाई दिने ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ तथा नियमावली, २०६४ को नियम १४१ बमोजिम पि.आर.कन्स्ट्रक्सन प्रा.लि. चाँगुनारायण २, भक्तपुरलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंलाई अनुरोध गर्ने ।

ग) दोश्रो पक्षले वीरेन्द्रनगर सिटी बसपार्क संचालन सम्वन्धी सम्झौताको बुँदा नं ११ बमोजिम बसपार्क क्षेत्र भित्रका खानेपानी तथा सरसफाई व्यवस्थापन, टेलिफोन, विद्युत महसूल वापतको रकम तिर्ने शर्त स्वीकार गरेकोमा सो बमोजिम कुनै दस्तुर र महसूल रकम तिर्न वुझाउन बाँकी रहेको अन्य कुनै दायित्व भएमा कुनै निकाय / कार्यालय / व्यक्तिबाट मागदावी भएका बखत सो समेत दोश्रो पक्षबाटै असूल उपर गर्न कानूनी प्रक्रिया अगाडी बढाउने ।

घ) करार सम्झौता बमोजिम पि.आर. कन्सट्रकसन प्रा. लि.चाँगुनारायण-२, भक्तपुर (दोश्रो पक्ष) ले करार सम्झौता बमोजिम प्रतिमहिना वुझाउनु पर्ने राजस्व रकम नबुझाएमा करार सम्झौताको वुदा नं ४ शर्त बमोजिमको रकम असूल उपर गर्न निजको चल अचल सम्पत्ति जायजेथाबाट असूल गर्न, निजको नाउमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति रोक्का राख्न सम्वन्धित निकायमा अनुरोध गर्ने । करार सम्झौतामा दोश्रो पक्षले नियमित रुपमा बसपार्क क्षेत्रबाट रकम असूल गरी नगरपालिकालाई नबुझाई उक्त राजस्व रकम खाने पचाउने नियत राखेकाले सम्झौता बमोजिम उक्त रकम असूल उपर गर्न प्रचलित कानून बमोजिम नेपाल सरकार समक्ष अनुरोध गर्दै अन्य कानूनी उपचार प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउने ।

ङ) वीरेन्द्रनगर नगरपालिकाको तर्फबाट सुर्खेत जिल्ला अदालतमा मिति २०७९ श्रावण १३ गते दायर भएको मुद्दाको अतिरिक्त सम्झौता बमोजिम प्राप्त गर्नु पर्ने राजस्व रकम असूल उपर गर्न पूनः थप/पुरक मुद्दा दायर गर्ने ।

निर्णय न. ३. सिटी बसपार्क सटर भाडा सम्बन्धमा

वीरेन्द्रनगर नगरपालिका वडा नं.६ सुर्खेतमा निर्मित सिटी वसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि वीरेन्द्रनगर नगरपालिका र पि.आर. कन्स्ट्रक्सन प्रा.लि. चाँगुनारायण-२,भक्तपुर वीच मिति २०७७/०५/१७

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०७।०५ गतेको दशौ कार्यपालिका बैठकको निर्णयहरु

मा सम्झौता भई मिति २०७७/०८/१५ गतेदेखि सञ्चालनमा आएको र उक्त वसपार्क तथा वसपार्क क्षेत्रमा निर्मित संरचना प्रयोग गरे वापतको पहिलो ३ महिनाको भाडा समेत यस कार्यालयको खातामा दाखिला गरेको र सो भन्दा पछाडि सम्झौता वमोजिमको भाडा नवुझाई सम्झौताका शर्तहरुको उलंङ्गन गरेकोले शर्त वमोजिम भाडा वुझाउनका लागि यस कार्यालयवाट पटक पटक पत्राचार समेत गरिएको र सो सम्वन्धमा उक्त प्रा.लि. बसपार्क व्यवस्थापन अलपत्र छाडी सम्पर्क विहिन भएकोले "रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०" को दफा २४ वमोजिम अर्को व्यवस्था नहुँदा सम्मका लागि यसै कार्यालयवाट अमानतमा बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने वीरेन्द्रनगर नगर कार्यपालिकाको मिति २०७९/०४/२६ गतेको बैठकवाट निर्णय भई सटर भाडा सम्वन्धमा वीरेन्द्रनगर नगर कार्यपालिकाको मितिः २०७९।०५।२८ को निर्णयानुसार प्रचलित वजार दररेट अनुसार स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकावाट निर्णय गरि भाडादर लागू गर्ने निर्णय भए अनुसार मिति २०७९/०७/०२ गतेको स्थानीय राजस्व परामर्श समितिको बैठकवाट सिटी वसपार्क भित्र रहेका सटरहरुको भाडाको दररेट निर्धारणका लागि मुख्य वजार क्षेत्र रहेको वीरेन्द्रनगर नगरपालिका ६ नं. वडा कार्यालय सुर्खेत, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा सुर्खेत र सुर्खेत उद्योग वाणिज्य संघ सुर्खेतसंग सो बसपार्क आसपासका सटरहरुको चलन चल्तीको भाडा दर बुझि पठाईदिनका लागि पत्राचार गरीएकोमा वीरेनद्रनगर नगरपालिका ६ नं. वडा कार्यालयवाट प्राप्त विवरण अनुसार उक्त बसपार्क आसपासका सटरहरुको चलन चल्तीको भाडा प्रति सटर रु. १०,०००।- देखी २०,०००।- सुर्खेत उद्योग वाणिज्य संघवाट ५,०००।- लेखी आएको र वीरेन्द्रनगर नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०७९/०७/०५ गतेको वैठकवाट उक्त बसपार्कका सटरहरुलाई A,B र C वर्गमा वर्गिकरण गरी क्रमश: A वर्गको सटरको मासिक भाडा रु. २०,०००।-, B वर्गको सटरको मासिक भाडा रु. १५,०००।- र C वर्गको सटरको मासिक भाडा रु. १०,०००।- कायमका लागि स्थानीय राजस्व परामर्श समितिवाट सिफारिस भई आएको मूल्यमा संशोधन गरि क्रमश: A वर्गको सटरको मासिक भाडा रु. २५,०००।-, B वर्गको सटरको मासिक भाडा रु. २०,०००।- र C वर्गको सटरको मासिक भाडा रु. १५,०००।- कायम गरी वीरेन्द्रनगर नगरपालिकाको वसपार्क व्यवस्थापन कार्यविधि, २०७६ अनुसारको प्रक्रिया पुर्याई सम्झौता गरि भाडा असूल उपर गर्ने ।

निर्णय न. ४. विविध

क) यस नगरपालिकाको कृषि तथा पशुपन्छी विकास तर्फको वार्षिक कार्यक्रम अनुसार कृषि र पशु विकास शाखाबाट पेश भए बमोजिम कृषक सँग ५० प्रतिशत लागत सहभागिता रहने गरी उन्नत तरकारी वीउ र हिउँदे वर्षिम घाँसको वीउ वितरणको कार्य सम्पन्न भई कृषकको लागत सहभागिता वाफतको रकम नगरपालिकाको राजस्व खातामा दाखिला भईसकेको सन्दर्भमा सो रकम सम्बन्धित सप्लायर्यलाई भुक्तानी गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

मिति २०७९।०७।०५ गतेको दशौ कार्यपालिका बैठकको निर्णयहरु

ख) वीरेन्द्रनगर नगर कार्यपालिकाको मितिः २०७९।०५।२८ को वैठकवाट टेवल भएका तपसिल वमोजिमका निर्देशिका तथा कार्यविधिहरु उपर दफावार छलफल गरी संशोधन सहित स्वीकृत गरियो ।

१) विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७९

२) अति विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०७९

३) ८० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घरमै गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम सम्वन्धी निर्देशिका, २०७९

४) विपन्नता पहिचान कार्यविधि, २०७९

ग) मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि,२०७८ मा व्यवस्था भए वमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौको मितिः २०७८।१२।१३ को निर्णयानुसार कार्यविधिको मापदण्ड पुगेका लाभग्राहीहरुलाई तोकिएको कागजातका आधारमा मासिक रु ५०००/- का दरले उपचार खर्च वापत त्रैमासिक रुपमा पालिकावाट भुक्तानी गर्ने र कार्यविधिको दफा ५ वमोजिम अनुसूची ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्धवार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट सोधभर्ना दिने भन्ने उल्लेख भएकाले यस पालिकामा विवरण प्राप्त माथी उल्लेखित रोग लागेका १०० जना लाभग्राहीहरुलाई म्याचिङ्ग शीर्षकवाट भुक्तानी दिने ।

२०७९/०७/०५

प्रमुख प्रशासकीय अधिकृत

२०७९/७/५

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख